दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २७ | बुटवल | २०८१ माघ ०८, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Jan 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**वायु प्रदुषणबाट बचौं र बचाऔं**

-वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घर बाहिर निस्कदा मास्कको प्रयोग गरौं ।
-सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
-रुख विरुवा रोपौं र हरियाली बढाऔं ।
-दाउरा र कोइरालाको सट्टा नवीकरणीय उर्जाको प्रयोग गरौं ।
-सडक र निर्माणस्थलबाट निस्कने धुलो व्यवस्थापन गरौं ।
श्वासप्रश्वास सम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

### बदलिँदै मधेशी समाज

# रोजगारी र शिक्षामा महिलाको पहुँच बढ्दै

**उर्मिला यादव**
*भैरहवा*







साधना बानियाँ पशु प्राविधिक हुन् । सियारी गाउँपालिका– २ मा जागिरे उनलाई पशुपंक्षीको उपचार र रेखदेखमा भ्याइनभ्याइ छ । उनी कहिले पशुपंक्षीको उपचार गरेको भेटिन्छिन् त कहिले भ्याक्सिन लगाइदिँदै गरेको देखिन्छिन् ।

साधनाको काम धेरै किसानले चित्त बुझाएका छन् । साधना प्राविधिक नै भए पनि किसानले डाक्टर भनेर बोलाउन लागेका छन् । साधना किसानको मायाले थप उत्साहित छिन् । काममा भ्याइनभ्याई छ । 'किसानहरुले असाध्यै माया गर्नुहुन्छ । टाढा टाढासम्म बोलाउनुहुन्छ ।'- बानियाँले भनिन् ।

बानियाँले गाउँले किसानको विश्वास जित्न कम्ता कोसिस गरिनन् । सुरु सुरुमा महिला त्यसैमाथि मधेशी मुलकी उनलाई पशु प्राविधिक भनेर कसैले पत्याएनन् । किसानहरु पशुपंक्षी बिरामी भएर आउँदा मधेशी महिला देखेपछि कतिले उपचार नै नगरी लैजान्थे । 'कतिले तपाईं जान्नुहुन्छ र भनेर प्रश्न पनि गर्थे । मधेशी महिलाले पशुको उपचार गर्छन् र भन्ने सोँचले होला भ्याक्सिन लगाउन खोज्दा कतिपय किसानले जान्नुहुन्न होला, सरलाई बोलाम भनेर पनि रोक्थे, मैले सक्छु । हजुरहरु चिन्ता नलिनुस् भनेर खुरुखुरु काम गर्थे,' साधनाले भनिन्– तर अहिले त्यस्तो छैन । मेरो मिहिनेतले किसानहरुको मन जितेको छु । साधना रुपन्देहीको सियारी गाउँपालिका -२ सेमरामा जन्मेकी हुन् । उनको परिवारमा सबै पढेलेखेका छन् ।

माइली छोरीको रुपमा रहेकी बानियाँले पशु प्राविधिकसँगै विज्ञान संकायमा कक्षा १२ पास गरेकी छिन् । अहिले लोकसेवाको तयारीमा छिन् । लोकसेवाको तयारीसँगै पढाइलाई निरन्तरता दिँदै अगाडि बढ्ने उनको सोंच छ ।

मधेशी समुदायमा अझैं पनि छोराछोरीबिच धेरै विभेद छ । छोरीलाई पढाउनु हुन्न भन्ने समाजमा अहिलेका पुस्ता मात्रै विद्यालय जान पाएको छन् । जागिर खाने पुस्ता पनि पहिलो हो । यही कारण घरपरिवारदेखि समाजसम्म मधेशी मुलका महिलाको काम र व्यवहारमा धेरैको नजर छ । यद्यपी कडा मेहनत र लगनका साथ युवा महिलाहरुले आफ्नो करियर बनाइरहेका छन् । बबिता यादव रोहिणी गाउँपालिकाको न्यायिक शाखा प्रमुख हुन् । उनी खरिदार पदमा छिन् । उनी गाउँपालिकाभित्र आएका विभिन्न किसिमका न्यायिक विषयका काम सुल्झाउनमै व्यस्त छिन् ।

रुपन्देही ओमसतिया ६ नरयनापुरकी बबिताको जन्म रोहिणी गाउँपालिका वडा नम्बर ४ सेमरहनामा भएको हो । उनले विवाहअघि नै स्नातकसम्म अध्ययन गरेकी थिइन् । खरिदारमा नाम पनि निकालेकी थिइन् । यसपछि २५ वर्षको उमेरमा मात्र विवाह गरेकी थिइन् । उनका श्रीमान पनि सरकारी जागिरे हुन् ।

उनी लुम्बिनी सांस्कृतिक नगरपालिकामा अधिकृत छैठौस्तरमा इञ्जिनियर छन् । बबिताको काममा घर माइत जताततैको समर्थन छ । 'आफ्नो समुदायबाट म जस्ता महिला खासै नहुने भएर होला कुनै कार्यक्रमहरुमा सहभागी हुँदा मधेसी समुदायकी महिला भनेर आफ्नो उदाहरण दिँदा निकै खुसी लाग्छ । अब हामी पनि सक्षम हुन लाग्यौं है जस्तो लाग्छ ।' उनले सुनाइन् ।

बबिता सरकारी जागिरसँगै अहिले भैरहवा बहुमुखी क्याम्पसमा डिग्री पढ्दै छिन् । उनी एक सन्तानकी आमा पनि हुन् । परिवारमा सासु ससुरा, श्रीमान, देवर, नन्द र एक छोरी गरी सात जनाको परिवार छ । बबिता त्यो गाउँबाट सरकारी जागिर गर्ने पहिलो महिला हुन् । उनी सरकारी नोकरीमा भएर होला परिवारमा सबै खुसी र उनलाई सबैले साथ र सहयोग गर्दै आएका छन् । 'आफ्नो घरपरिवार एकदमै बुझ्ने र सबै परिवार नै साथी जस्तै भएकोले काम गर्न र अध्ययनमा धेरै सहज भएको छ ।'- बबिता सुनाउँछिन् । उनको प्रमुख प्रशासकीय अधिकृत बन्ने लक्ष्य छ । बबिता भन्छिन्-'गाउँमा अझैं पनि मधेसी समुदायको युवती घरबाहिरको काम गरेको राम्रो मान्दैनन् । तर, मेरो सरकारी नोकरी भएर होला । कसैले नराम्रो भन्नुभाछैन ।'

बबिता सरकारी जागिरे भएर होला बिहे गर्ने बेलामा दाइजो माग पनि गरिएन । समाजमा दाइजो प्रथाले जग बसालेका बेला उनी आफ्नो परिवारको इच्छाले सामान्य विवाह गरिन । मधेशी समुदायका महिलामा जागिर खाने र सामाजिक क्रियाकलापमा लाग्नेको संख्या पछिल्लो समय बढ्दै गएको छ । छोरीलाई पनि पढाउनु पर्छ भनेर धेरै जनचेतना फैलाएकाले बल्ल छोरीहरु पढ्न र अगाडि बढ्न पाएको बबिता बताउँछिन् । 'यद्यपि मधेसी समुदायमा जति शिक्षाको स्तर बढ्दै गएको छ, त्यही हिसाबमा दाइजोको माग पनि बढ्दै गरेको छ, यो गलत छ ।

अब पढेका छोरीलाई झन धेरै दाइजो दिनुपर्ने प्रथा मधेशी समुदायबाट हटाउनै पर्छ । बल्ल सबै छोरीहरुले पढ्न र अगाडि बढ्न पाउनेछन् ।'- बबिताले सुनाइन् ।

बबिताका श्रीमान आशिषकुमार यादव आफू सरह श्रीमती पनि सरकारी जागिरे हुँदा एकदमै खुसी छन् । गौरव पनि उत्तिकै गर्छन् । उनी भन्छन्-'म एकदमै भाग्यमानी छु कि हामी दुबै जना सरकारी जागिरे छौं । अरुले कहाँ तिमी जस्तो पढेलेखेको पाएका छन् । समाजमा मिलेर राम्रो काम गरेर उदाहरणीय व्यक्तित्व बन्ने दुवैजनाको सपना छ ।'

मधेशी समुदायमा केही वर्षअघिसम्म छोरीहरु घरबाहिर निस्कदा दाजुभाइ वा बुवालाई साथ लिएर जानुपर्थ्यो । अहिले निर्धक्क सामाजिक क्रियाकलापमा लाग्ने युवा महिलाहरु बढ्दै गएका छन् । सामाजिक अभियन्ताका कुरा गर्दा सुनिता हरिजन अगाडि छिन् । जो किशोरी अधिकार मञ्च रुपन्देहीकी जिल्ला अध्यक्ष हुन् । सुनितालाई किशोरीहरुको हकअधिकारको क्षेत्रमा काम गरिरहँदा फुर्सद नै छैन । बिहान होस् वा साँझ जतिबेला पनि किशोरीहरुलाई समस्या परे उनी समस्या सुल्झाउन जान्छिन् । लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर २ मुजहनाकी सुनिता अहिले समाजको उदाहरणीय व्यक्तित्वको रुपमा चिनिदै आएकी छिन् ।

कुनैबेला घरबाहिर निस्कन नपाउने उनी अहिले कामको सिलसिलामा नेपाल-भारतलगायतका जुनसुकै ठाउँमा जानुपरे पनि घरपरिवारबाट सहयोग पाएकी छिन् । उनी किशोरी समूहकी अध्यक्ष हुन् । समूहमा १२ देखि २२ वर्षसम्मका किशोरी आबद्ध छन् । जिल्ला, स्थानीय तह र वडास्तरीय गरी १ हजार ६ सय जना सदस्यले काम गर्छन् । अभियानका कामले रुपन्देही, नेपाल र भारतका विभिन्न ठाउँमा पुगेकी छिन् । किशोरीका तर्फबाट सरकारलाई माग पत्र बुझाएकी छिन् ।

२१ वर्षीया सुनिता हाल लुम्बिनीमा रहेको खुदाबगर आर्दश कलेज लुम्बिनीमा स्नातकमा कानुन पहिलो वर्षमा अध्ययनरत छिन् । उनी पढाइ खर्च जुटाउन युरोपियन युनियनको साझेदारीमा युथ साउन्डीङ बोर्डद्वारा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत छिन् । त्यहाँ लुम्बिनी प्रदेशमा रहेका युवाहरुको अवस्था र उनीहरुले गर्दै आएका काम, बैदेशिक रोजगारीमा रहेका युवाहरु स्वदेशमा आएर के गर्दैछन् भन्नबारे तथ्यांक संकलन गरी काम गर्नुपर्छ । सुनितालाई पढेर अधिवक्ता बन्ने लक्ष्य छ ।

» बाँकी ३ पेजमा

# अवैध क्रसर बन्द गर्न सर्वोच्चको परमादेश




बुटवल । सर्वोच्च अदालतले ढुङ्गागिटी सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्सहित नेपाल सरकारका विभिन्न निकायलाई पाँच विषयमा परमादेश जारी गरेको छ । वातावरण कानुन समाज नेपालका तर्फबाट वरिष्ठ अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिटमा सर्वोच्च अदालतले परमादेश जारी हुने फैसला सुनाएको हो ।

**सर्वोच्चले दिएको परमादेशमा समावेश भएका पाँच बुँदा यी हुन्**

१. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ र वातावरण संरक्षण ऐन, २०७६ ऐन । को नियमावली २०७७ मा भएको कानुनी व्यवस्था विपरीत भएको उत्खनन्लाई तत्काल बन्द गर्नु गराउनु ।

२. अनुमति नै नलिई उत्खनन गर्ने व्यक्ति वा कम्पनी, संस्थालाई कारबाहीको दायरामा ल्याई उत्खनन कार्य तत्काल बन्द गर्नु गराउनु ।

३. सात वटै प्रदेशले तयार पारी लागु गरेको नदीजन्य पदार्थ सङ्कलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५, नेपाल सरकारले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ समेत कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नको लागि निर्माण भए पनि माथि उल्लेख भएको समस्याको स्थायी रूपमा समाधान गर्न र नदीको संरक्षण गर्न एक छुटै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन् तथा नियन्त्रण) ऐन तत्काल बनाई लागु गर्नु ।

४. विपक्षी १ नं.प्रदेशले नदीजन्य पदार्थ सङ्कलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न कुनै पनि कार्यविधि हालसम्म बनाएर लागु नगरेकोले तत्काल निर्माण गरी लागू गर्नु ।

५. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १७ मा नदीजन्य पदार्थको उत्खनन् गरिने स्थानको लम्बाइ चौडाइ तथा गहिराईसहितको चार किल्ला उत्खनन् गर्ने अवधि र समय, प्रयाग गरिने साधन समेत जानकारीसहित उत्खनन् स्थलमा सूचनापाटी अनिवार्य रूपमा मिलाउनु पर्नेछ भन्ने व्यवस्था भएता पनि हालसम्म स्थलगत अध्ययनबाट सूचनापाटी राखेको नदेखिएकोले कार्य स्थलमा सूचनापाटी अनिवार्य राख्नु र सोको अनुगमन समेत गर्नु ।

सर्वोच्चको यो फैसलाले अब अवैध रुपमा सञ्चालन भएका क्रसर उद्योग बन्द गर्न सहज भएको छ । सर्वोच्चको यो फैसलापछि सरकारलाई अवैधानिक क्रसरहरूमाथि कारबाही गर्ने बाटो खुलेको छ ।

न्यायाधीशद्वय मनोजकुमार शर्मा र टेकप्रसाद ढुङ्गानाको इजलासले सोमबार आफ्नो फैसलामा वातावरण र ढुङ्गागिटीका विषयमा सरकारको नीति र कानुन नै अस्पष्ट र अपारदर्शी देखिएको उल्लेख गरेको छ ।

सर्वोच्च अदालतले यसअघि साउन ३० गते पनि सरकारका नाममा आदेश गरेको थियो । सर्वोच्चले तत्कालीन समयमा ढुङ्गागिटी र बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनका लागि आवश्यक कानुन बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश गरेको थियो ।

न्यायाधीशद्वय तीलप्रसाद श्रेष्ठ र अब्दुल अजीज मुलसमानको संयुक्त इजलासले २०८१ बैशाख १७ गते यस्तो फैसला गरेको थियो भने त्यसको पूर्णपाठ साउन ३० गते सार्वजनिक गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहितका विपक्षीहरूलाई फैसला कार्यान्वयनका लागि पठाएको थियो । एक वर्षको अवधिमा सर्वोच्चले दोस्रो पटक सोही विषयमा संयुक्त इजलासले कानुन बनाउनेसहित अन्य विषय पनि थप गरेर परमादेश जारी गरेको छ ।

अदालतले तथ्य, कानुनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा ढुङ्गा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९ जेठ ६ मा पारित ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ उक्त मापदण्डको दफा ४९१।०० र दफा ११९१० को हदसम्म उत्प्रेषणको आदेशले बदर हुने फैसला सुनाएको थियो । सर्वोच्चले उक्त उत्प्रेषणको आदेशलाई सम्झाउँदै सबै फैसलाहरू कार्यान्वयन गर्नु भनी परमादेश जारी गरेको हो ।

वातावरण कानुन समाज नेपालका तर्फबाट अधिवक्ता पदमबहादुर श्रेष्ठ, नुवाकोटका राजु फुयाँल र धनुषाका राकेशकुमार साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र खानी तथा भूगर्भ विभागलाई विपक्षी बनाई दायर रिट निवेदन दायर गरेका थिए ।

**रुरुक्षेत्र गाउँपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**अनुरोधक :**

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

मीना देवी गौतम
उपाध्यक्ष

यदु ज्ञवाली
अध्यक्ष

**रुरुक्षेत्र गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# सरकारलाई अदालतको दिशानिर्देश

सर्वोच्च अदालतले वातावरणका विभिन्न विषयसँग सम्बन्धित पाँच परमादेश जारी गरेको छ। सर्वोच्चको परमादेशले वातावरणीय विषयमा सरकारले योजनाबद्ध काम गर्न दिशानिर्देश गरेको छ। वातावरणको मुद्दा केवल भाषण र बोलीमा मात्रै नभएर व्यवहारमा कार्यान्वयन गर्न अदालतले मार्गनिर्देश गरेपछि सरकारलाई दबाब पर्नु स्वभाविकै हो।

सर्वोच्च अदालतले दिएको परमादेशमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड-२०७७ र वातावरण संरक्षण ऐन-२०७६ को नियमावली २०७७ मा भएको कानुनी व्यवस्था विपरीत भएको उत्खनन्लाई तत्काल बन्द गर्नु गराउनु, अनुमति नै नलिई उत्खनन् गर्ने व्यक्ति वा कम्पनी, संस्थालाई कारबाहीको दायरामा ल्याई उत्खनन् कार्य तत्काल बन्द गर्नु गराउनु, सात वटै प्रदेशले तयार पारी लागु गरेको नदीजन्य पदार्थ सङ्कलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि-२०७५, नेपाल सरकारले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ समेत कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नको लागि निर्माण भए पनि माथि उल्लेख भएको समस्याको स्थायीरूपमा समाधान गर्न र नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत उत्खनन् तथा नियन्त्रण ऐन तत्काल बनाई लागु गर्नु उल्लेख छ। त्यसैगरी, प्रदेशले नदीजन्य पदार्थ सङ्कलन र उपयोग सम्बन्धमा व्यवस्था गर्न कुनै पनि कार्यविधि हालसम्म बनाएर लागु नगरेकोले तत्काल निर्माण गरी लागू गर्नु भन्ने पनि परमादेशमा उल्लेख छ।

अहिले देशभर अवैध रूपमा क्रसर उद्योग सञ्चालन भइरहेका छन्। ती क्रसर उद्योग बन्द गर्न सरकारलाई बाटो खुलेको छ। लामो समयदेखि शर्त पालना नगरेका क्रसर उद्योगलाई सरकारले नविकरण गर्न सकेको छैन। र, ती क्रसर नियमित चलिरहेका छन्। अवैध ढंगले नियमित चलेका उद्योग अब बन्द हुनुको विकल्प छैन। कुनै पनि व्यवसायलाई लामो समय अवैध ढंगले चल्न दिनु हुँदैन। लामो समयसम्म अवैध व्यवसाय चलाउनु स्वंय व्यवसायीका लागि पनि हितकर होइन।

वातावरण र विकाससँगै लैजान नसक्दा संसारभर वातावरणीय जोखिम बढेको छ। वातावरणको चक्र बिथोलिंदा मानव जीवन नै संकटतर्फ धकेलिएको छ। मान्छेले गरेको विनाशले अहिले अरु प्राणी पनि उत्तिकै संकटमा छन्। प्रकृतिप्रति न्याय नहुँदा प्राणी जगत संकटमा पर्दै जाँदा अहिले वातावरण बचाउन चाल्नुपर्ने कदमबारे बहस र छलफलहरु भइरहेका छन्। यही बेला सर्वोच्च अदालतले जारी गरेको परमादेश ज्यादै महत्वपूर्ण छ। परमादेशअनुसार सरकारले काम अघि बढायो भने अदालतको गरिमा र महत्व बढ्छ, सरकारको जवाफदेही र जिम्मेवार छवि स्थापित हुन्छ।

१९औं जन्मतिथिमा गोविन्द वियोगीलाई सम्झँदा

# स्वतन्त्र प्रेसका धरोहर



अर्जुन ज्ञवाली




**ऐतिहासिक झापा घोषणा**

सुसूचित हुने अधिकारसहित अभिव्यक्ति स्वतन्त्रतालाई व्यापक सुदृढ र विर्वाधाउपभेगको प्रत्याभूतिका लागि नेपालका प्रबुद्ध पत्रकारहरु क्रियाशील हुनु स्वाभाविक हो। वास्तवमा पूर्ण प्रजातान्त्रिक मूल्य , मान्यता र भिन्न विचारहरुप्रतिको सम्मानको वातावरणमा मात्र स्वस्थ र स्वतन्त्र पत्रकारिता फस्टाउन सक्नेछ। विश्वव्यापीरुपमा देखापरेको प्रजातन्त्र, मानवअधिकार तथा जनजागरणको लहरप्रति नेपाली समाजलाई पनि प्रबुद्ध पार्ने गहन दायित्वप्रति हामी नेपाली पत्रकारहरु सचेत एवं सतत प्रयत्नशील रहने छौं।

( तत्कालीन सभापति श्री गोविन्द वियोगी को अध्यक्षतामा २०४६ पुस ८ र ९ गते सम्पन्न नेपाल पत्रकार महासंघको झापा बैठकबाट पारित)

यो ऐतिहासिक घोषणा जसबाट पनि गोविन्द वियोगीलाई प्रेस जगतले कहिल्यै बिर्सन सक्दैन।

नाम थर गोविन्द वैद्य हो, वियोगी उपनाम हो। जनजिब्रोमा वैद्यभन्दा उपनामको वियोगी प्रचलित भयो। हितैषीहरु गोविन्द दाइ, वियोगी दाइ भनेर पुकार्थे। औपचारिकतामा गोविन्द वियोगी तथा गोविन्द वैद्य। सालका हिसाबले उहाँले इहलोक छोडेको १९ वर्ष भएछ। १९ वर्ष हुँदा पनि उहाँलाई बिर्सन सकिएको छैन। यसको कारण हो, उहाँले स्थापना गरेको पत्रकार आर्दश। जो माथिको घोषणामा पनि अन्तर्निहित छ।

गोविन्द वियोगी जन्मदै कलम लिएर जन्मनुभएको रहेछ। उहाँले बाला उमेरमै हातैले लेखेर पत्रिका निकाल्ने काम गर्नुभयो। आठ सालमा भाइ बासु शशीसित मिलेर बागिश्वरी मासिक पत्रिका निकाल्नुभयो। प्रेसको राम्रो बन्दोबस्त नभैसकेको अवस्थामा हातैले लेखेर भए पनि पत्रिका निकाल्ने हिम्मत उहाँले गर्नुभएको छ। समय क्रममा सिसाका अक्षर, हाते कम्पोज, लेटर प्रेस हुँदै अफसेट प्रेसमा छलाङ् मार्नुभयो।

मातृ भूमि साप्तहिक गोविन्दा वियोगीको मुख्य परिचय हो। यो पत्रिका उहाँको सम्पादनमा ३४ वर्ष अनवरत चलेको छ। रातो रङ्गको पृष्ठभूमिमा सेतो अक्षरको लोगो भएको मातृभूमि जीवन पर्यन्त शान्ति, समता र प्रजातन्त्रको पक्षधर रह्यो। पत्रिकाको यो निष्ठा जोगाउन गोविन्द दाइलाई कम्ती गाह्रो भएको होइन। तर उहाँ कत्ती ढुलमुलिनु भएन। सतिसाल झैँ ठाडो भएर उभिनु भयो। मातृभूमिका साथमा दैनिक जनदूतलगायत अरु प्रकाशन पनि थिए।

राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखेर नै मातृभूमिले पत्रकारिता गऱ्यो। व्यक्तिविशेषको चरित्रहत्या उसले कहिल्यै गरेन। एउटै वाक्यमा भन्नुपर्दा गोविन्द वियोगीको मातृभूमिमा छापिने सम्पूर्ण अक्षर, शब्द र वाक्यले समाजमा विद्यमान सामाजिक, राजनैतिक विकृति विसंगतिकाविरुद्ध शान्ति, सुशासन, प्रगतिका विगुल फुकेका हुन्।

पञ्चायती निरंकुश कालमा मातृभूमिलाई जोगाउन बहुतै गाह्रो भयो, बिचमा एउटा यस्तो समय आयो जुन समयमा आधा दर्जन लब्धप्रतिष्ठ अखबार प्रेस विरोधी निरंकुश कानुनका शिकार भए। यस्तो कायरतापूर्ण काम धेरै दिन टिक्न सक्ने कुरै थिएन। थोरै दिनमै स्वतन्त्र प्रेसका स्तम्धकारहरु र तिनका जबर्जस्त सर्मथकहरुको आन्दोलनमा सरकारले नझुकी सुखै पाएन। अखबारहरु खुले। यस आन्दोलनमा गोविन्द वियोगी जबर्जस्त भूमिकामा रहनुभयो।

गोविन्द वियोगीको नाम नेपालमा अभिव्यक्ति स्वतन्त्रता तथा स्वतन्त्र प्रेसको एजेण्डामा प्रवल हस्तीको रुपमा आउँछ। प्रेस स्वतन्त्रताको सवालमा उहाँले मातृभूमि साप्ताहिक र त्यसका सम्पूर्ण प्रकाशनहरुबाट निरन्तर संघर्ष गर्नुभयो। गाविन्द वियोगीले विशिष्ट पत्रकारिता गर्नुभएको हो। उहाँको पत्रकारितामा प्रयुक्त शब्द, वाक्य तथा अनुच्छेदमा राष्ट्र बोल्थ्यो। राष्ट्रिय प्रगतिशील धार उहाँको अभीष्ट हो। उहाँले कहिल्यै दलीय हठ लिनु भएन। राजनैतिक आग्रह पूर्वाग्रहमा रुमलिनु भएन। अनि फेरि आफ्नो विशिष्ट ओजलाई भजाएर सत्ताको मान सम्मान ग्रहण गर्नुभएन। फगत स्वतन्त्र प्रेसको आर्दशमा रमाउनु भयो। फलस्वरुप गोविन्द वियोगी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा स्वतन्त्र प्रेसको पहरेदार पत्रकारको रुपमा दर्ज हुनुभयो।

३ मई २००१ तद्अनुसार २०५८ बैशाख २० गतेको कुरा हो- त्यो दिन विश्व प्रेस स्वतन्त्रता दिवस थियो। त्यस दिन नेपाल पत्रकार महासंघ केन्द्रीय समिति र प्रेस काउन्सिल नेपालका तर्फबाट काठमाडौंमा प्रेस स्वतन्त्रता सेनानी सम्मान एवं प्रेस काउन्सिल - गोपाल दास पत्रकारिता पुरस्कार प्रदान समारोहको आयोजना थियो। समारोहमा गोविन्द दाइलाई प्रेस काउन्सिल गोपाल दास पत्रकारिता पुरस्कारले सम्मानित गरियो। त्यसै समारोहमा गोविन्द दाइसँगै मैले प्रेस स्वतन्त्रता सेनानी सम्मान प्राप्त गरेँ। तेस्रो दिनको कुरा हो - त्यस दिन बिहान हामी दुवै दाजुभाइ सगरमाथा रेडियोको निम्तामा पऱ्यौं। सगरमाथा रेडियोका कार्यक्रम सञ्चालक घमराजले हामीलाई बोलाउनु भएको थियो। त्यहाँ रेडियोको प्रत्यक्ष प्रसारणमा घमराजसमेत हामी तीनै भाइ भएर नेपाली पत्रकारिताको विगत र वर्तमानका सम्बन्धमा जमेर चर्चा परिचर्चा गऱ्यौं। गोविन्द दाइ जानुभयो। अहिले हुनुहुन्न। म भने अझैं त्यो कुरा बिर्सन सकिरहेको छैन।

**– गोविन्द वियोगी स्मृति ग्रन्थ २०६२**

गोविन्द वियोगी पत्रकार हो। औषत पत्रकार नभएर विशिष्ट पत्रकार। यसका लागि उहाँले सम्पादन गरेको मुद्रित सामग्री सबूद प्रमाणको रुपमा छ।अहिले पनि छोरा किरण वैद्यबाट ती सामग्री प्राप्त गर्न सकिन्छ। गोविन्द वियोगी र नेपालको राष्ट्रिय स्वतन्त्र प्रेस सम्बन्धमा पि.एच.डी. गर्न चाहने विद्यार्थीहरुका लागि ती सामग्री सहयोगी हुन सक्छन्।

गोविन्द वियोगी विशिष्ट कलमको विशिष्ट पत्रकार हुनुका साथै प्रेस संयोजक पनि हो। उहाँले पत्रकार हकहित र एकताका लागि अत्यत राम्रो समन्वयकारी भूमिका विर्वाह गर्नुभएको छ। पत्रकारहरुको माया र ममतामा नेपाल पत्रकार संघ र पछि महासंघको पनि सभापति हुनुभयो। पत्रकार महासंघको निर्माणमा पटक-पटक देशभरि घुम्नु भयो। यसमा उहाँका आधादर्जन जुत्ता फाटे होलान्। अन्ततः सफल पनि हुनुभयो। पत्रकारहरुको राष्ट्रिय सभापति भएर वियोगीले कुनै अप्रिय काम गर्नु भएन र व्यक्तिगत लाभ लिने काम पनि गर्नु भएन। पत्रकारहरुको सभापति भएपछि सुरुदेखि आफूले उठाएको अभिव्यक्ति तथा स्वतन्त्र प्रेसको झन्डालाई झनै अग्लो बनाएर फहराउनु भयो। प्रेस स्वतन्त्रताको पक्षमा लडाइ लड्ने शीर्ष पत्रकारहरुमा उहाँको नाम लिइरहँदा सहयोद्धा गोपाल दास, मणीराज र मदनमणिदीक्षितको नाम सँगसँगै आउँछ।

गोविन्द वियोगीले पत्रकारितामार्फत् राष्ट्रको उत्कृष्ट सेवा गर्नुभएको छ। यसका लागि उहाँ धन्य हुनुहुन्छ। उहाँले आफ्ना सम्पूर्ण प्रकाशनमा राष्ट्रका सम्पूर्ण गरिविधिलाई उचित स्थान दिई विभिन्न वर्ग, वर्ण, लिङ्ग, जातजाति तथा सम्पूर्ण नेपालीको वास्तविक सेवा गर्नुभएको छ। यस कार्यमा उहाँ नेपाल राष्ट्रको एउटा जिम्मेवार पत्रकार हो। उहाँको गुरुकुल विद्यालयमा अलिकति पढ्ने र लेख्ने मौका मैले पनि पाएको हुँ। यसमा आफूलाई धन्य सम्झन्छु।

व्यक्तिगत जीवन शैलीको चर्चा गर्दा आँखामा राखे पनि नबिझाउने व्यक्तिको नाम गोविन्द वियोगी हो।

उहाँ कसैको पनि कुभलो गर्दै नगर्ने सकेसम्म भलो मात्र गर्ने भद्र पुरुष हो।

उहाँलाई अतिथि देवो भव भन्दा हुन्छ। उहाँकहाँ पाहुना नहुने सायदै कुनै दिन हुन्थ्यो। पाहुनामा राजनीतिज्ञ पनि हुन्थे। कुटनीतिज्ञ पनि हुन्थे। समाजसेवी, सन्त महन्त सबै हुन्थे। भाउजु कृष्णवदन साँच्चिकै गृहलक्ष्मी हुनुहुन्थ्यो। त्यो घर अतिथिदेवो भव हुनुमा उहाँको लच्छिन पनि एउटा कारण हुनुपर्छ।

पत्रनिष्ठामा अब्बल वियोगी धर्मनिष्ठामा पनि अब्बल हुनुहुन्थ्यो। आँखाको अगाडि परेका जुनसुकै ढुङ्गा उहाँका लागि देउता हुन्थे। मठमन्दिर देख्ने बित्तिकै नतमस्तक। म काठमाडौंमा भएको बखत जहिल्यै सँगै घुम्न जान्थैँ, कहीँ कतै मूर्ति आकारको जस्तो ढुङ्गो देख्यो कि ढोगी हाल्नुहुन्थ्यो। मेरो मन भित्रभित्रै भन्थ्यो - यत्रो बुझ्की मान्छे पनि किन यस्तो गर्नुहुन्छ होला। तर, यस सम्बन्धमा उहाँसँग तर्क गर्ने आँट ममा हुँदैनथ्यो। मन न हो बदलिरहने। शान्त भावमा आएपछि फेरि भन्थ्यो -

- ईश्वर ः सर्वभूतेषु हृद्देशेकर्जुन तिष्ठति।
- ईशावास्यमिदं सर्वम्।
- सर्वं खलु इदं ब्रम्ह।

होत, ईश्वर सर्वव्यापी छ भने दाइले ढुङ्गालाई ढोग गर्नुभयो, एउटा निष्ठाको कुरा हो। निष्ठा धर्म हो। दाइले जीवनपर्यन्त इमान र जमानको पत्रकारिता गर्नुभयो। इमान जमान उहाँको निष्ठा थियो। गोविन्द दाइले ढुङ्गालाई ढोगेर पनि धर्म गर्नुभयो। निष्ठाको पत्रकारिता गरेर पनि धर्म गर्नुभयो। धर्मशास्त्र भन्छ- धर्म गरेपछि पुण्य प्राप्त हुन्छ। पुण्यात्माहरु मृत्युपछि परमगति प्राप्त गर्छन्। यसको अर्थ गोविन्द दाइको इहलोक पनि सफल परलोक पनि सफल।

नियतिले गोविन्द दाइको ललाटमा 'पत्रकार' लेखेको रहेछ। यसै भएर उहाँले बाला उमेरमै हस्तलिखित हाते पत्रिका निकाल्नुभयो। त्यसपछि नेपाल संवाद समिति भन्ने समाचार समिति बनाउनुभयो। समाचार समिति बनाएपछि पनि सुरुमा हातैले समाचार लेखेर समाचार बुलेटिन बाँड्नु भयो। यत्तिले पुगेन अनि भाइ बासुशशिसित मिलेर हस्तलिखित बागीश्वरी नामको मासिक पत्रिका लिकाल्नुभयो। हातको अक्षरबाट सिसाका अक्षर, सिसाका अक्षरबाट छपाइ गर्ने छापाखाना त्यसपछि अफसेट प्रेसमा पुग्नुभयो। यसरी 'चरै वेति चरै वेति' भनेझैँ गरेर उच्च कोटिको पत्रकारिता गर्नुभयो। यसरी गोविन्द दाइले मरेर पनि अमरत्व प्राप्त गर्नुभएको छ।

उहाँको मुख्य पहिचान मातृभूमि साप्ताहिक ३४ वर्ष चलेर बन्द भएको छ। त्यसपछि उहाँ विश्राम लिन सक्नुहुन्थ्यो, तर उहाँको आत्माले त्यसो गर्न मानेन। अभिव्यक्ति स्वतन्त्रता र स्वतन्त्र प्रेसको अडान छोड्न सक्नुभएन। चरै वेति चरै वेति गर्न थाल्नुभयो। सम्पदाकहरुको एउटा समाज गठन गर्नुभयो र त्यसको अध्यक्ष भएर आफ्नो अभियानलाई जारी राख्नुभयो।

उहाँ अहिले हाम्रो सामु हुनुहुन्न। उहाँको मरण भएको छ। यो मरण सम्पादक समाजको बैठकमा प्रेसलाई निरन्तर रुपमा स्वतन्त्र राखिराख्न कसरी सकिन्छ भन्ने विषयमै छलफल गरिरहेको बखत भएको छ। नियतिको तारतम्य हुनुपर्छ, एउटा कर्मयोगीको अवसान सम्बद्ध योग साधना गरिरहेको सक्रिय अवस्थामा भएको छ। तसर्थ यो मरण विशिष्ट छ। यो शहादत हो। स्वतन्त्र प्रेसको लागि शहादत हो। अर्को शब्दमा युद्धमा एउटा वीर योद्धाको वीरगति हो। श्रद्धाञ्जली छ, वीर शहीदलाई।

तपाईंको पदचिन्हमा हिडिरहन सकूँ।
अस्तु।

# नेप्से परिसूचक ६ दशमलव ७८ अङ्कले बढ्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार ६ दशमलव ७८ अङ्कले बढेर दुई हजार ६ सय सात दशमलव ९९ को विन्दुमा कायम भएको हो। तीन सय ११ कम्पनीको एक करोड ३६ लाख ७७ हजार नौ सय ८३ कित्ता शेयर ७४ हजार चार सय तीन पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५७ करोड चार लाख ७७ हजार आठ सय ८६ बराबरको कारोबार भएको छ।

कारोबारमा बैंकिङ समूह शून्य दशमलव २०, विकास बैंक शून्य दशमलव ६०, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ०२ र लघुवित्त समूह शून्य दशमलव ०४ प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ। होटल तथा पर्यटन शून्य दशमलव १२, लगानी शून्य दशमलव ६०, जीवन बिमा शून्य दशमलव ०४, उत्पादन तथा प्रशोधन एक दशमलव ६८, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बिमा शून्य दशमलव २३, व्यापार एक दशमलव ०६ र अन्य समूह दुई दशमलव १३ प्रतिशतले बढेको छ।

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ०५ प्रतिशतको वृद्धि देखिएको छ। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको रु २४ करोड एक लाख ८८ हजार चार सय चार बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन पावर पार्टनर लिमिटेडको तीन लाख ७७ हजार छ सय ४६ कित्ता शेयर कारोबार भएको छ।

# युरिक एसिडका बिरामीले कस्ता खानेकुरा खाने ?



डा. भुपेन्द्र शाह

युरिक एसिड मानिसको रगतमा हुने एक प्रकारको रसायन हो। यस्तो रसायन मानवीय शरीरमा २४ सै घन्टा बनिरहेको हुन्छ। यसको प्रमुख स्रोत प्युरिन नामक रसायन हो।

मानिसको शरीरमा प्युरिनको मात्रा बढ्दै गएपछि युरिक एसिड देखापर्छ। पुरुषमा युरिक एसिडको मात्रा ७ एमजी पर डेसिलिटरसम्म सामान्य मान्न सकिन्छ भने महिलाहरुमा ६ एमजी पर डेसिलिटरलाई सामान्य मान्न सकिन्छ। त्योभन्दा माथि भयो भने समस्या निम्तिन्छ।

**युरिक एसिड बढ्यो भने के हुन्छ ?**

युरिक एसिड मिर्गौलाबाट पिसाब भइ बाहिर जान्छ। युरिक एसिड बढ्दै गयो भने शरीरमा धेरै समस्या निम्तिन्छ। युरिक एडिड बढ्दै जाँदा जोर्नी दुख्ने समस्या देखिँदै जान्छ। शरीरमा युरिक एसिडको मात्रा बढी भएर जोर्नी दुख्ने समस्यालाई बाथ रोग भनिन्छ।

युरिक एसिडले विशेषगरी गोडाको बुढीऔंलाको भागलाई दुःख दिन्छ। जसले उक्त जोर्नीलाई रातो बनाउने तथा सुन्नाउने गर्छ। यसका कारण करिब १ सातासम्म धेरै नै कठिन गराउँछ, यो क्रम पुनः दोहोरिन्छ।

यसका साथै युरिक एसिडले शरीरको सबै भागका जोर्नीहरुलाई दुखाउन सक्दछ। युरिक एसिडले मिर्गौलामा पत्थरी समेत गराउन सक्छ।

**युरिक एसिडका बिरामीले कस्ता खानेकुरा खाने ?**

युरिक एसिडको समस्या भएका बिरामीले पानी प्रशस्त पिउनुपर्छ। बढी पानी पिएमा युरिक एसिड पिसाबको माध्यबाट शरीर बाहिर जान सक्छ।

त्यस्तै यस्ता समस्या भएमा भिटामिन सी भएका खानेकुराको सेवन धेरै गर्नुपर्छ।

भिटामिन सीले युरिक एसिडलाई रगतमा घोलाएर पिसाबका रुपमा बाहिर फाल्ने काम गर्छ। त्यसकारण यस्ता बिरामीले कागती, सुन्तला, अमला जस्ता खानेकुराको सेवन बढी गर्नुपर्छ। जसले शरीरमा युरिक एसिडको मात्रालाई घटाउन सक्छ।

तरकारीमा विशेषगरी बन्दागोभी खानु राम्रो मानिन्छ। यद्यपि सागसब्जीको प्रयोग पनि फाइदाजनक मानिन्छ।

**के नखाने ?**

युरिक एसिडका बिरामीले मदिरा तथा बियरको सेवन गर्नु राम्रो हुँदैन। शरीरमा युरिक एसिड जाने र बियर जाने बाटो एउटै भएकोले युरिक एसिड शरीरमा प्रवेश गर्दा बियर जान नसक्ने स्थिति हुन्छ। त्यसकारण बियर खाने बिरामीहरुमा युरिक एसिडको मात्रा एकदमै उच्च हुने गर्छ।

युरिक एसिडको समस्या भएका बिरामीले खसी, बोका, राँगा, च्याङ्ग्रा लगायतका रातो मासु खानु राम्रो हुँदैन।

पालुंगोको साग, कुरिलो, काउली, च्याउे पनि युरिक एसिडको मात्रा बढाउन सहयोग गर्ने भएकोले यस्ता सब्जीको प्रयोग निकै कम गर्नुपर्छ।

धेरै चिसो तथा बोसोयुक्त खानेकुरा तथा बेकरी आइटमका सेवनले पनि युरिक एसिडको मात्रा बढाउन सक्छ। युरिक एसिड भएपछि केक, ब्रेड जस्ता खानेकुरा त्याग्नुपर्छ।

साथै मटर, सिमी तथा कालो दालले युरिक एसिड बढाउन सक्छ। त्यसकारण यी खानेकुराको मात्रा पनि कम गर्नुपर्छ।

यद्यपि खानेकुराले मात्रै युरिक एसिड निको हुन्छ भन्ने चाँहि होइन। खानेकुरामा नियन्त्रण गरिहँदा समेत युरिक एसिड नियन्त्रणमा नभएकाले औषधिको सेवन गर्नुपर्ने हुन्छ। युरिक एसिडको सामान्य औषधिको प्रयोगले पनि बिरामीलाई ठूलो राहत मिल्न सक्छ। त्यसकारण युरिक एसिडका बिरामीले फिजिसियनको सल्लाह तथा सझाव अनुसार औषधिको सेवन गर्नुपर्ने हुन्छ।

स्वास्थ्य खबरबाट

## रोजगारी...

किशोरीहरुको हकअधिकार क्षेत्रमा काम गर्दै गर्दा कानुनी विषयमा बिभिन्न किसिमका समस्याहरु झेल्नु परेकाले कानुनी बिषयमा दक्ष अधिवक्ता बन्ने र समाज सेवा गर्ने उनको लक्ष्य छ।

सुनिता सजिलै त्यहाँ पुगेकी भने होइनन् । धेरै समस्या, चुनौती र विभेदहरुलाई पार गर्दै त्यहाँ पुगेकी हुन् । संघर्ष मात्र गर्नु परेन, समाजको तिरस्कार र विभेद पनि उत्तिकै सहनु पर्यो । सुनिता वि.स. २०७५ बाट किशोरी समूहमा आबद्ध सुनिताप्रति समाजको हेराइ सकरात्मक थिएन। सुरुमा घरबाट बाहिर निस्कन एकदमै गाह्रो भयो । फिल्डमा काम गर्दा पनि परिवारबाट मात्र नभइ समाजको दबाब पनि उत्तिकै थियो। जहाँ भए पनि साँझ ५ बजेभित्र घर पुग्नै पर्ने बाध्यता थियो। 'छोरी मान्छेलाई परिवारले किन बाहिर निकाल्दै छ ? छोरीलाई केटाको जस्तो व्यवहार किन सिकाइ रहेको छ ? कहिले तालिम कहिले कार्यक्रममा भनेर यसको छोरी होटेलमा जान्छ। के-के गर्छहोला भनेर समुदायले कुरा मात्र काटेन, धेरै तिरस्कार र विभेद पनि सहनु परेको थियो।'- सुनिताले विगतका अनुभव सुनाउँछिन्।

किशोरी सञ्जालको अध्यक्ष भएपछि पनि समाजमा भएका घटनाहरुबारे बोल्दा छोरी मान्छे हो धेरै नबोल, आफूलाई पर्दा सघाउने कोही हुँदैन भनेर सम्झाउने धेरै हुन्थे।

सुनिता आफ्नो बिगत सम्झदा भक्कानीन्छिन् । उनी भन्छिन्-'केयर नेपालले चलाएको उडान कार्यक्रममा सहभागी हुन नपाएको भए आज म के हुन्थे मलाई नै थाहा छैन।'

सुनिता मधेशी समुदायको दलित परिवारकी हुन्। सुनिता ४ दाजुभाइ र तीन दीदीबहिनीमध्ये कान्छी छोरी हुन्। परिवारमा कोही पढे लेखेको छैन। सुनितालाई पनि सानै उमेरमा विवाह गर्न भन्दै ६ कक्षा पढ्दा विद्यालय छुटाइएको थियो। तर केयर नेपालको उडान कार्यक्रममा सहभागी भएर पुन २ वर्षपछि पढाइलाई निरन्तरता दिन पाइन् । संर्घषको फल मिठो हुन्छ भनेजस्तै घरबाट बाहिर जान नदिने सुनिताको परिवारले अहिले हरेक समाजिक काममा अग्रसर हुन प्रेरणा दिन्छ। आफ्नो नामबाट गाउँ र परिवार चिनिदा उनीमा खुसीको सीमा नै छैन।

अहिले सुनिता जस्तै कयौं किशोरीहरु बाहिर निस्कन थालेका छन् । उनीहरुले आफ्नो बालविवाह तोड्दै अहिले पढाइमा जोडिन थाल्नु नै ठुलो उपलब्धि भएको सुनिताको भनाइ छ।

ग्रामीण भेगमा अझै पनि मधेशी समुदायका छोरीहरुलाई घरबाहिर जान रोक छ । छोरीलाई पढाउन थालेपछि युवा महिला केही घरबाहिर निस्कन थालेका छन् । शिक्षासँगै सामाजिक क्रियाकलापमा काम गर्दै आएका युवतीहरुलाई समाजले अझै पनि सहज रुपमा लिन सकेको छैन। तर पछिल्लो समयमा शिक्षित युवतीहरु समाजको कुसंस्कार तोड्दै समाजमा भएका विभिन्न विकृतीहरुविरुद्ध आवाज उठाउँदै आएका छन्।

सुनौलो नेपाल रुपन्देहीको अध्यक्ष एवं अधिकारकर्मी विजयलक्ष्मी राय भन्छिन्-'मधेशी समुदायमा अझै पनि परिवर्तनको आवश्यकता छ । शिक्षा र रोजगारसँगै मधेशमा युवा महिलाले पुरुष सरह काम गर्न सक्छन् भन्ने दृष्टिकोण फेर्नु अझबढी आवश्यकता छ।' अधिकारकर्मी रायका अनुसार शिक्षा र रोजगारका लागी मधेशी युवतीहरु समुदायबाट बाहिर आउँदा समाजमा कुरा काट्ने, नराम्रो सोंच्ने, विभिन्न आरोप, प्रत्यारोप लगाउने चलन अझै छ । 'युवाहरु एक भएर यस्ता चलन हटाउनु पर्छ। पुरुष युवाले महिला युवालाई आफूसँगै अगाडि बढाउन जरुरी छ।'-उनले भनिन्।

समाजमा शिक्षा र चेतना छर्ने प्रमुख व्यक्ति हुन्, शिक्षक। मधेशी मुलका महिलाहरु शिक्षक बनेको र ज्ञानगुन बाँडेको पनि देखिन थालेको छ। सियारी २ भगदरीकी प्रतिमा यादव भगदरी प्राविकी शिक्षक हुन्। उनी निजी श्रोत शिक्षक हुन्। उनीले २०८१ साल बैशाख महिनादेखि पढाउन थालेकी हुन्। प्रतिभालाई भविश्यमा सरकारी शिक्षक भएर शिक्षाको ज्ञान बाँड्नु मात्र नभइ समाज सेवामा लाग्ने लक्ष्य छ।

२१ वर्षीया प्रतिमा विद्यार्थी समेत हुन्। उनी लिलाधर घिमिरे छपिया जनता कलेज छपियामा ब्याचलर दोस्रो वर्षमा अध्ययनरत छिन् । बिहान पढ्न जान्छिन्। दिउँसो पढाउन। बाँकी समय समाजमा चेतना प्रवाह गर्न दिएकी छन्। प्रतिमा काममा त खुसी नै छिन्। उनीभन्दा खुसी घरपरिवार छ। प्रतिमाका बुवाले आफ्नो छोरीप्रति गौरव गर्छन् । व्यापारमा रमाएका उनका बुवा छोरीको व्यवहार र कामले एकदमै खुसी छन् । उनी प्रतिमालाई राम्रो काम गर्नुपर्छ भनेर सम्झाउने गर्छन् । उज्ज्वल भविश्यको लागि छोरीले चाहे जति पढाउन तयार छन्। 'प्रतिमालाई उसको चाहना भएसम्म पढाउँछु। शिक्षामा अब्बल र आत्मनिर्भर बनाएर मात्र विवाह गरिदिनेछु।' -बाबुले भने।

५ बहिनीमध्ये जेठी छोरी प्रतिमा सानैदेखि जिम्मेवार थिइन् । सानैदेखि आमा बुवालाई काममा सघाउँथिन् । यसबाहेक विभिन्न क्लबमा सहभागी भएर छोरीहरुलाई पढाउनुपर्छ भनेर अभियान चलाउँथिन् । उनी सियारी २ मा रहेको राप्ती क्लबमा २ वर्ष अध्यक्ष समेत बनिन्। तर, मधेशमा छोरीलाई चेतनाप्रवाह गर्न सजिलो थिएन । प्रतिमाले बालक्लबमा रहेर काम गर्दा धेरै आलोचना पनि सहनुपर्यो । 'छोरी भएर छोरा जस्तो बन्न खोज्न हुँदैन। गाउँका छोरीहरुलाई बिगार्ने भेला गर्दै हिंड्न पाइदैन । छोरी भएपछि घरभित्र बस्न पर्छ। यस्ता धेरै किसिमका कुराहरु सुन्नु परेको थियो । काममा हौसला होइन बाधा थोपरिन्थ्यो ।'- प्रतिभा सुनाउँछिन्।

मधेशी समुदायमा अझै पनि छोराछोरीमा विभेद भएको प्रतिमा बताउँछिन्। 'मधेसी समुदायमा अझै पनि सानो उमेरमा विवाह, घरेलु हिंसा, कुटपिट, जुवातासलगायत धेरै किसिमका विकृतीहरुले जरा गाडेर बसेको छ। त्यसको प्रभाव धेरै महिलामा छ । यद्यपि अहिले शिक्षाले गर्दा केही हदसम्म धेरै परिर्वतन आएको छ। '-उनले सुनाइन्। प्रतिमाको घरमा पनि बेलाबेलामा विवाहको कुरा चल्छ। उनले भने डिग्री पढेर र स्थायी जागिर खाएर मात्र विवाह गर्ने बताएकी छन् । 'हामीहरुले नै समाज परिवर्तन गर्ने हो, मधेशी समुदायमा यो समस्या छ भनेर होइन अब यो समस्या हटायौं भनेर लाग्नुपर्छ। म यही अभियानमा छु।'- प्रतिमाले सुनाइन्।

मधेसी समुदायमा पढेका छोरीहरु रोजगारीमा जोडिन पाएका छन् । धेरै मेहनत गरेर त्यहाँ पुगेका छोरीहरु कामको परिणाम पनि राम्रो देखाएका छन्। यसले छोराछोरीमा असमान व्यवहार गर्ने समाज र परिवारले फरक धारणा बनाउन थालेका छन्। यसले मधेशी समुदायका छोरीहरु बाहिर आउन थालेका छन्। 'पहिले र अहिले छोरीलाई दिने अवसरमा धेरै अन्तर छ,' शिक्षक पुष्पा यादवले भनिन्-'यो सबै चुनौती चिरेर हामीहरुले गरेको मेहनतले हो।' सियारी गाउँपालिका -३ भैंसाखांदरकी पुष्पा ज्ञानोदय आधारभूत विद्यालयमा शिक्षक हुन्। बिगत दुई वर्षदेखि निजी शिक्षकमा कार्यरत छिन्।

२३ वर्षीया पुष्पा विद्यार्थी पनि हुन्। उनी लिलाधर घिमिरे छपिया जनता क्याम्पस छपिया रुपन्देहीमा स्नातक चौथो वर्षमा अध्ययनरत छिन् । उनी आफ्नो पढाइको खर्च आफैं जुटाउँछिन् । घरको मुख्य पेशा कृषि हो । उनी खेतीपातीसँगै अध्ययन, अध्यापनलाई निरन्तरता दिंदै गइहेकी छिन्। पुष्पालाई अझै धेरै पढ्ने मन छ । पुष्पा परिवारकी कान्छी छोरी हुन् । पुष्पाको विहे हुने तयारी भैसकेको छ । तर उनी विहेपछि पनि आफ्नो काम नछोड्ने सुरमा छिन्। उनीले सरकारी शिक्षक भएर काम गर्ने र भविश्य उज्ज्वल बनाउने लक्ष्य बोकेकी छिन्।

मधेशमा छोरीहरु शिक्षा र रोजगारमा जोडिन थालेकोमा शिक्षा सेवामा संलग्न अगुवाहरु खुसी छन् । खुदाबगर आर्दश कलेज लुम्बिनीका क्याम्पस प्रमुख रामबली यादवले शिक्षा र रोजगारीमा मधेसी समुदायबाट अगाडि आउनु ठूलो उपलब्धि भएको बताए । 'अहिले क्याम्पसमा पढ्ने मधेसी समुदायका युवतीहरुको संख्या बढ्दै छ । मधेशका युवतीमा शिक्षा र चेतना भए समाजको कुरीति र लैंगिक हिंसा घट्नेछ।'-उनले भने । उनले मधेशी समुदायका युवतीहरु शिक्षा र रोजगारीमा जोडिएसँगै घरदेखि समुदायमा परिवर्तनका संकेत देखिएको दाबी गरे।

रोहिणी गाउँपालिका उपाध्यक्ष शिवकान्ति हरिजनले मधेशी समुदायमा युवतीहरु शिक्षा र रोजगारीमा जोडिनु ठूलो परिर्वतन भएको बताउँछिन्। 'कोही शिक्षक, कोही नर्स, सरकारी नोकरीलगायत विभिन्न संघ संस्थामा युवतीहरु आबद्ध भएर काम गरीरहेका छन्। यो मधेशमा आएको ठूलो परिवर्तन हो।'- उनले भनिन्।

नेपालमा २०६५ सालदेखि २०६३ पछि निजामती सेवामा सीमान्तकृत समुदायको प्रतिनिधित्वका लागि आरक्षणको व्यवस्था भयो। आरक्षणका ६ वटा कलस्टर बने । ती क्लस्टरमा ३३ प्रतिशत महिला, २७ प्रतिशत आदिवासी जनजाति, २२ प्रतिशत मधेशी, ९ प्रतिशत दलित, ५ प्रतिशत अपांगता भएका व्यक्ति र ४ प्रतिशत पिछिडिएको क्षेत्रका व्यक्तिका लागि छुट्याइयो। यसले मधेशी महिलालाई सरकारी सेवा र रोजगारीमा जोडिन ढोका खुलेको हो। नागरिक अगुवा रबिकुमार रौनियारले मधेशका छोरी शिक्षा र रोजगारीमा जोडिदा मधेशी समुदायकै स्वरुप फेरिएको बताए। 'अहिले मधेशी समुदायका युवती बैंक मेनेजर, प्रशासन, शिक्षालगायतका क्षेत्रमा प्रमुख भएको पाइन्छ। यो खुसीको कुरा हो।' -उनले भने।


# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना।

दोस्रो पटक प्रकाशन मितिः २०८१/१०/०८ गते

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा पाणिनी गाउँपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली, २०७७ बमोजिम पाणिनी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकार, लुम्बिनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र. सं | सूचना नं. | विवरण | उत्खनन् परिमाण (वार्षिक) घन. मि. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | PRM/A/02-081/082 | पाणिनी-८ स्थित बाँगी खोलाका विभिन्न बगर क्षेत्र | २०१३.३ | ४,२६,५९५/- | कबोल अंकको ५ %ले हुने रकम | १,०००/- |
| २ | PRM/A/03-081/082 | पाणिनी-८ स्थित सौर्य खोलाका विभिन्न बगर क्षेत्र | ८००५.५ | १६,९६,२७०/- | | १,०००/- |
| ३ | PRM/A/04-081/082 | पाणिनी-३ र ८ स्थित दुर्गा खोलाका विभिन्न बगर क्षेत्र | ८७७.५ | १,८५,९३२/- | | १,०००/- |
| ४ | PRM/A/05-081/082 | पाणिनी-३ र ८ स्थित वाग्ले खोलाका विभिन्न बगर क्षेत्र | ७४२.५ | १,५७,३२८/- | | १,०००/- |
| ५ | PRM/A/06-081/082 | पाणिनी-३ स्थित सुनटिकी पहिरो | ३६० | ७६,२८०/- | | १,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१- बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजस्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी प्रत्येक सूचनाको लागि छुट्टाछुट्टै खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी बोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५%का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग.३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. २१५०४०१००००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

३- खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएको सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४- एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १: ०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

५-विस्तृत जानकारी कार्यालयको सूचना पाटी, कार्यालयको वेवसाइट www.paninimun.gov.np तथा कार्यालयको राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



# Purbakhola Rural Municipality
# Office of the Rural Municipality Executive
Purbakhola , Palpa, Lumbini Province, Nepal

## Invitation For Bids

Notice no:- 12/081/82

Second Date of Publication:-2081/09/08 BS, 2025-01-21 AD

Purbakhola Rural Municipality,Office of the Rural Municipality Executive invites bid for the eligible bidders for the following works.

| S.N. | Contract Identification Number | Description of Works | Estimated Amount Without VAT | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | RE/IRR/PRM/SQ/2081/82-12 | Collection and Excavation of Sand, Stone and gravel of RakunKhola of Purbakhola- 2 Jalpa Palpa | 335236.80 | 75 days | 1000 |
| 2 | RE/IRR/PRM/SQ/2081/82-13 | Collection and Excavation of Sand, Stone and gravel of Reche Khola of Purbakhola- 1 Siluwa Palpa | 156816.72 | 75 days | 1000 |

Further information to Bidders:-

| | National Competitive Bidding |
|---|---|
| Last Date and Time of Bid Purchase | 2081-09-225:00 PM |
| Last Date and Time of Bid Submission | 2081-09-2312PM |
| Date, time and place of Bid opening | 2081-09-23 2PM At Purbakhola Rural Municipality Office |
| Account Number for bid document Purchase | Name of the Bank:-Global IME Bank Ltd., Purbakhola Palpa Branch Account no:- 14604010000009 |
| Account Number for bid security deposit | Name of Bank : Global IME Bank Ltd .Purbakhola Palpa Branch Account No: :-1460401000004 |

1. Bidder can get bid documents at Purbakhola Rural Municipality and should submit their bid hard copy at Purbakhola Rural Municipality Office within time as specified above .
2. If the last date of purchasing, submission and opening falls on a government holiday then next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR.
4. After the completion of bid evaluation the letter of intent will be published on office website (www.purbakholamun.gov.np)

5 Bidder should submit 5% of coated price (including vat) as Bid security Amount.

Chief Administrative Officer
Purbakhola Rural Municipality Office



# CHHATRADEV RURAL MUNICIPALITY
# OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of 1st publication: 2081/10/08 (21 January, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 05 February 2025(2081/10/23) 12:00 Hrs.
Bid Opening Date: 05 February 2025(2081/10/23) 13:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 21st April 2025 |
|---|---|---|
| 1 | Construction Of Latagauda Fasinchaur Pangkhola Motorable Roads, Chhatradev-4,Arghkhanchi CRM/ARG/SQ/W/19/081/82 | 25000/- |



# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको सिद्धार्थनगर
सिद्धार्थनगर, रुपन्देही

## आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति २०८१।१०।०८

यस सिद्धार्थनगर नगर कार्यपालिकाको कार्यालयबाट निम्न मितिमा e–bidding मार्फत प्रकाशित बोलपत्रको सूचना बमोजिम तोकिएको समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको नियमानुसार बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गरी न्यूनतम मूल्यांकित बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुँदा यस कार्यालयको निर्णयानुसार विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०८० को दफा ३४ (१) तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम सारभुत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदाताको रुपमा छनौट भएको हुँदा सोही ऐनको दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कामको नाम /ठेक्का नं. | बोलपत्र आव्हान मिति | छनौट भएका बोलपत्रदाता | कबोल अंक (मु.अ. कर तथा पि. एस. समेत) |
|---|---|---|---|---|
| 1 | Supply of Sports item and other necessary goods for BhairahawaTaekwondo Club at Siddharthanagar Municipality SNP/JINSI/SPORTS/NCB) 03/081/082 | 2081/08/18 | M/S Rimal Enterprises, old Baneswor Kathmandu | NRs. 2,182,030.00 |
| 2 | Supply and Delivery of Sanitary Pad at Siddharthanagar Municipality (SNP/EDU/NCB-01/081/082) | 2081/08/25 | M/S A. G. Health NRs Industries Pvt.Ltd. Kathmandu-16 | NRs. 1,350,849.46 |

SNP/ JINSI/ SPORT/NCB-03/081/02 **का अन्य बोलत्रदाताहरु** M/S H.M. Enterpriscs,Pvt.Ltd.Adarsha tole,New Baneswor Kathmandu.
SNP/EDU/NCB–01/081/082 **का अन्य बोलपत्रदाताहरु** M/S Bhusal Trade and Suppliers, Tillotama–5 Rupandehi,M/S Jasmine Hygiene Products Pvt.Ltd.,Balbhadra Dharan Road. M/S Angel Hygiene Manufaturing Pvt.Ltd. Mahila ghar, Baaisepati.



# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना !

प्रथम पटक प्रकाशित मितिः२०८१।१०।०८

यस कार्यालयद्वारा देहायका कार्यका लागि मिति २०८१।०८।२० गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम मिति २०८१।०९।२१ गते खोलिएको ठेक्कामा मूल्याङ्कन समितिको मिति २०८१।१०।०७ गतेको निर्णय अनुसार देहाय अनुसारको बोलपत्र सिफारिस भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३(संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | छनौट भएको फर्म | कबोल अंक (मु.अ. कर तथा पि. एस. समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | CRM/Gul/W/NCB-05/081-82, Upgrading of Dharampokhara Rukse Road | श्री पानारोमा कन्ट्रक्सन एण्ड सप्लायर्स, रुरुक्षेत्र-४, गुल्मी | रु. २०,७५,५०३.३८ (अक्षरेपी बीस लाख पचहत्तर हजार पाँच सय तिन रुपैयाँ अड्तिस पैसा मात्र (मु.अ. कर र पि.एस. सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**



ऊनबाट सामग्री बनाउँदै महिला

दाङको घोराही उप-महानगरपालिका-१४ स्थित स्वप्न होजियारी उद्योग एवं प्रशिक्षण केन्द्र घोराहीमा गुडिया, मोजा, स्विटरलगायत ऊनबाट विभिन्न सामग्री बनाउँदै महिला। तस्विरः कुलदीप न्यौपाने/रासस

# जोशी ५० लाख धरौटीमा रिहा



काठमाडौँ । स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनमा पूर्वडीआइजी छविलाल जोशीसँग ५० लाख धरौटी माग गरिएको छ। सोमबार काठमाडौँ जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलले उनीलाई ५० लाख धरौटीमा रिहा गर्न आदेश गरेका थिए।

५० लाख धरौटी बुझाएर जोशी रिहा भएका छन्।

जोशीको तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, शतिशकृष्ण खरेल, अधिवक्ताहरू अपूर्व खतिवडा, रोचक रेग्मीले बहस गरेका थिए। जाहेरवालाहरूको तर्फबाट ५ जना सरकारी वकिल, वरिष्ठ अधिवक्ता डा.सुरेन्द्र भण्डारी, दिनेश त्रिपाठीले बहस गरेका थिए।

स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन गरेको आरोपमा यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पनि ६० लाख धरौटी बुझाएर रिहा भएका थिए।

# निरन्तर रूपमा सहयोग गर्न प्रतिबद्धता गर्दछु : आचार्य



तिलोत्तमा। मानवसेवा आश्रम लुम्बिनी प्रदेशको तिलोत्तमा शाखाको नवनिर्मित भवनको औपचारिक उद्घाटन भएको छ। लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्री चेतनारायण आचार्यले भवनको औपचारिक उद्घाटन गरेका हुन्।

समुद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले कुनै पनि मान्छे खान, लाउन र बस्न नपाएर मर्न नपर्ने मुलुक बनाउन मानवसेवा आश्रमले खेलेको भूमिकाको प्रशंसा गरे। मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले सडकआश्रित व्यक्तिहरूको अभिभावकत्व ग्रहण गरी उनीहरूको पुनः स्थापनालाई प्राथमिकता दिने बताए। 'कोही पनि भोकै बस्नुपर्ने छैन, सडकमा बास हुने अवस्था समाप्त पार्न सरकारले आवश्यक कार्यविधि बनाउनेछ' मुख्यमन्त्री आचार्यले भने-'कार्यविधि यसै वर्ष बनाउँछौं।' आगामी वर्षका बजेट तथा कार्यक्रममार्फत् आश्रमलाई दिगो रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेश सरकार प्रतिबद्ध रहेको उनले बताए। साथै प्रदेशलाई खुला चौपायामुक्त बनाउने उनले जनाए।

कार्यक्रममा मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले कर्णाली र गण्डकी दुवै प्रदेश सहयोगापेक्षी सडकआश्रित मानवमुक्त प्रदेश घोषणा भइसकेको र चाँडै बागमती प्रदेश पनि सहयोगापेक्षी सडकआश्रित मानवमुक्त प्रदेश घोषणाका लागि कार्यविधि क्याविनेटमा पुगेको जानकारी गराए। त्यस्तै चाँडै नै तिलोत्तमा नगरपालिकालाई पनि सहयोगापेक्षी सडकआश्रति मानवमुक्त नगर घोषणा गर्ने उनले बताए। अध्यक्ष अधिकारीले सोमबार उद्घाटन भएको भवन साढे ७ करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको जानकारी गराए। प्रदेश र स्थानीय सरकारको १ करोड ८३ लाख सहयोग रहेको, बाँकी रकम विभिन्न दानदाताबाट संकलन गरिएको र भवनको पूर्ण निर्माणका लागि थप २ करोड बजेट आवश्यक पर्ने आश्रमले जनाएको छ।

प्रदेश सरकार र मानवसेवा आश्रमको सहकार्यमा रूपन्देहीलगायतका सहयोगापेक्षी सडकआश्रित व्यक्तिहरूको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। कार्यक्रममा बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिकालगायत स्थानीय तहका प्रमुख, उप्रमुख, उद्योगी-व्यवसायी, समाजसेवीलगायतको उपस्थिति थियो

कार्यक्रममा संविधानसभा सदस्य नेत्र पन्थी, बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिकालगायत स्थानीय तहका प्रमुख, उपप्रमुख, उद्योगी-व्यवसायी, समाजसेवी, अभिभावकलगायतको उपस्थिति रहेको थियो।

वि.सं २०७५ साल पुस ७ गते लुम्बिनी प्रदेशको रुपन्देही बुटवलमा घर भाडामा लिई मानवसेवा आश्रमको शाखा शुभारम्भ गर्दै आएकोमा विगत २ वर्षदेखि तिलोत्तमा-६ पश्चिमपहुनी (मोक्षधाम सेवा आश्रम) परिसरमा निर्माण भएको भवनबाट आश्रम सञ्चालनमा रहेको छ। तिलोत्तमा शाखाले हालसम्म १२ सय ५० जनाभन्दा बढी बेसहारा, असहाय, अपाङ्ग, मानसिक तथा शारीरिक रूपमा कमजोर मानिस, अभिभावकविहीनलगायत जीवन नै जोखिममा रहेका सहयोगापेक्षी सडक मानवहरूको लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरूबाट समेत उद्धार गरी सेवा प्रदान गरिसकेको छ। आश्रमले ३ सय १५ जनाको सुखद् पारिवारिक पुनर्मिलन गरिसकेको छ।

देशभर सार्वजनिक स्थल तथा खुला सडकपेटीमा जीवन बिताउन बाध्य हुनुभएका बेसहारा, असहाय तथा जीवन नै जोखिममा रहेका सहयोगापेक्षी सडकआश्रित मानवहरुको मानवोचित व्यवस्थापन गरि नेपालभरि २०८२ सालभित्र कोही पनि मानिस भोकै र नाङ्गै रहन नपर्ने अवस्था निर्माण गर्नका लागि वि.सं २०६९ सालदेखि निरन्तर आश्रमले मानवीय सेवा प्रदान गर्दै आइरहेको छ।

# चारकोठे भवनको शिलान्यास



भैरहवा। रुपन्देहीको रोहिणी गाउँपालिका वडा नम्बर १ बगहास्थित श्री बगहा माध्यमिक विद्यालयमा चारकोठे भवन निर्माण हुने भएको छ। भवनको सोमबार एक कार्यक्रमकाबिच गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले शिलान्यास गरेका हुन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेशकुमार चौधरीले चारकोठे (दुईतले) भवन निर्माण गर्ने सम्झौता भएको बताए। २०८१ पुस २४ गते भएको सम्झौताअनुसार २०८२ असार २० गतेसम्म ७१ लाख ३० हजार रुपैयाँमा रोहिणी निर्माण सेवा, रोहिणी-१ ले भवन निर्माण गर्नुपर्नेछ।

गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले शिक्षा क्षेत्रलाई प्राथमिकता दिएर अघि बढेको बताए। भवन निर्माण भएपछि विद्यार्थीहरुलाई पठनपाठनमा अझ सहज हुने उनले विश्वास व्यक्त गरे।

रोहिणी-१ का वडाअध्यक्ष आबिद अली पठानले शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारमा लगानी भएको र शैक्षिक गुणस्तर सुधारमा ध्यान दिइएको बताए। शिक्षक र विद्यालय व्यवस्थापन समितिबाट शैक्षिक गुणस्तर सुधार गर्ने प्रतिबद्धता व्यक्त भएको उनले बताए।

बगहा माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर उप्रेतीले विद्यालयलाई अझ राम्रो बनाउने सौँचका साथ अघि बढेको बताए। 'मैले यसै विद्यालयमा पढेको हुँ, त्यसैले पनि यो विद्यालयको धेरै माया लाग्छ। मैले नेतृत्व सम्हालिसकेपछि शैक्षिक गुणस्तरमा सुधार आएको छ। यस वर्ष नतिजामा सुधार आएको छ। अर्को वर्षमा थप सुधार हुन्छ।'-उनले भने।

वि.सं. २०२१ सालमा स्थापना भएको बगहा माध्यमिक विद्यालयमा हाल ५३३ जना विद्यार्थी अध्ययनरत र २० जना शिक्षक/कर्मचारी जना कार्यरत रहेको विद्यालयका प्रधानाध्यापक प्रेमनाथ त्रिपाठीले बताए। आफूले बगहा माविमा प्रधानाध्यापकको जिम्मेवारी सम्हालिसकेपछि शैक्षिक गुणस्तर सुधार हुँदै गएको उनले दाबी गरे।

भवन शिलान्यास कार्यक्रममा रोहिणी गाउँपालिकाकी उपाध्यक्ष शिवकान्ति हरिजन, प्रमुख प्रशासकीय अधिकृत राकेशकुमार चौधरी, जनप्रतिनिधि, कर्मचारी, समाजसेवीलगायतको उपस्थिति रहेको थियो।

हामी बोलेर मात्र होइन पु¥याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क: बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com